नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

रुकुमकोट शाखा

**नेपाल बैंक लिमिटेड रुकुमकोट शाखाको लागि काउन्टर,हेल्पडेस्क,आल्मुनियम पार्टिशन लगायत विविध निर्माण कार्यको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**(दोस्रो पटक प्रकशित मिति २०७४/१२/०६)**

नेपाल बैंक लिमिटेड रुकुमकोट शाखाको नयाँ भाडाको भवनमा काउन्टर,हेल्पडेस्क,आल्मुनियम पार्टिशन लगायत विविध निर्माण कार्य सम्पन्न गरि अफिस सार्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट शिलबन्दी दरभाऊ पत्र आह्वानको १५ दिने सूचना प्रथम पटक मिति २०७४/०९/३० को गोरखापत्रबाट प्रकाशित गरिएकोमा विशेष कारणवस प्राप्त शिलबन्दी दरभाउपत्र खोल्न नसकिएकोले दोस्रो पटक पुनः यो सूचना प्रकाशित भएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको ११:०० वजे भित्र पेस गर्न सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ। यस शाखामा रु.१,०००/-(पछि फिर्ता नहुने) जम्मा गरी यस शाखा वाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। सो सम्वन्धी शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ। प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ। यस सम्वन्धी थप जानकारीको लागि कार्यालय समय भित्र रुकुमकोट शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

**तपसिल**

१) दरभाउपत्रदाता फर्मले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दर रेट (BOQ) खुलाइ, आफुले कवोल गरेको रकमको(भ्याट सहित) घटीमा २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकमको माथिल्लो पाँच सय वा हजार अंक पुऱ्याई धरौटी वापत यस शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको दरभाउपत्र बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिन म्याद भएको अन्य ‘क’ वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले दरभाउपत्र साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र,कार्य अनुभवको प्रमाण, व्यवसायदर्ताको इजाजत पत्र मु.अ.क.दर्ता प्रमाणपत्र तथा स्थाई लेखादर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७३/०७४ को कर चुक्ता प्रमाणपत्र, भवन निर्माण सम्बन्धि कार्य गरेको प्रमाण पत्र पेश गर्नुपर्नेछ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फारामनै (नियम एवं शर्त सुविधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ। दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ६० दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ।

५) उपरोक्त कार्यको निर्माण तथा ईलेक्ट्रिकल कार्यको सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ।

७) मिति २०७४/०९/३० को सूचना बमोजिम प्राप्त शिलबन्दी दरभाउपत्र पेश गर्नु भएको दरभाउपत्र दाताहरुले पेश गरेको शिलबन्दी दरभाउपत्र, बोलपत्र खरिद दस्तुर रु.१,०००/, र धरौटी वा बैंक ग्यारेन्टी फिर्ता लग्नु हुन र पुनः नयाँ दरभाउपत्र खरिद गरि सहभागी हुन समेत यसै सूचना द्वारा जानकारी गराइन्छ।

दरभाउपत्र प्राप्त गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखा।
दरभाउपत्र खरिद गर्ने अन्तिम मिति :- २०७४/१२/२० गते मंगलवार कार्यालय समय भित्र।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७४/१२/२१ गते बुधवार विहान ११:०० वजेसम्म।
दरभाउपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखा।
दरभाउपत्र खोल्ने मिति :- २०७४/१२/२१ गते बुधवार बिहान ११:३० बजे ने.बै.लि. रुकुमकोट शाखा। सो दिन विदा पर्न गएमा सो को भोलि पल्ट।

बैंकको अनुमानित लागत :-
सिभिल तर्फ भ्याट सहित रु.१२,६९,७०४/-
इलेक्ट्रिकल र नेटवर्किङ्ग तर्फ भ्याट सहित रु.७,२६,२१४/-

**दुबै गरी कूल जम्मा रकम रु.१९,९५,९१८/-(अक्षरुपी उन्नाईस लाख पन्चानब्बे हजार नौ सय अठार मात्र)।**